# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७३।०२।२१ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप पत्र दायर गरिएको ।**

-------------------------------------------------------

ईलाका बन कार्यालय मगरागाडी ,बर्दियाका सहायक बन अधिकृत भरत कुमार थापाले जनचेतना सामुदायिक बन उपभोक्ता समिती बनियाभार –४ बर्दियाबाट कानुन बमोजिम लिलाम गरिएका साल, धौटी, असना, लिप्टिक सहित बिभिन्न जातको १०२६.४५ घन फिट गोलीया काठ सम्बन्धित काठ सप्लायर्सलाई स:मिलसम्म लैजाने प्रयोजनार्थ चलान स्विकृती दिनुपर्ने प्रचलित कानुन बमोजिम गर्नु पर्ने काम नगरी अख्तियारको दुरुपयोग गरी उक्त कार्य गर्न सेवाग्राहीसंग गैर कानुनी रुपमा घुस रकम माग गरेको भन्ने उजुरी एवं सूचनाको आधारमा आयोगको मध्य पश्चिमाञ्चल क्षेत्रीय कार्यालय सुर्खेत, सम्पर्क कार्यालय कोहलपुरबाट खटी गएको टोलीले निज सहायक बन अधिकृत भरत कुमार थापालाई रु.६०,०००।- (अक्षरुपी साठी हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुदाँ निजले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज सहायक बन अधिकृत भरत कुमार थापा उपर विगो रू. ६०,०००।- (अक्षरुपी साठी हजार) कायम गरी सोहि ऐनको दफा ३(१) र ३(१) (ग) बमोजिम दण्ड सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता